# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख २८ गते २०२७ साल

श्री ५ को सरकार

### प्रशासन व्यवस्था विभागको

### सूचना

श्री ५ को सरकारको निर्णयानुसार रेखदेख दौडाहा (प्रशासन सेवाको) राजपत्राँकित द्वितीय श्रेणीका श्री केशरीराज पाण्डेले दिनुभएको राजीनामा मिति २०२६।१२।१२ देखि स्वीकृत गरिएको छ ।

आज्ञाले–
कृष्णबहादुर देउजा
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

### प्रशासन व्यवस्था विभागको

### सूचना

श्री ५ को सरकारले मिति २०२६।१२।२४।२ को निर्णयानुसार श्री निरञ्जनप्रसाद श्रेष्ठलाई भूमिसुधार मन्त्रालय अन्तर्गत नापी विभागको बडालेखापाल पदबाट सर्वोच्च अदालतको बडालेखापाल पदमा सरुवा गरेको छ ।

आज्ञाले–
कृष्णबहादुर देउजा
श्री ५ को सरकारको सचिव ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## प्रशासन व्यवस्था विभागको

## सूचना

श्री ५ को सरकारको निर्णयानुसार श्री तेजबहादुर प्रसाईलाई मिति २०२६।९।८ देखि नेपाल प्रशासन सेवाको राजपत्रांकित प्रथम श्रेणीमा नियुक्त गरी यस विभाग अन्तर्गत रेखदेख दौडाहामा पदस्थापन गरिएको छ ।

आज्ञाले–
कृष्णबहादुर देउजा
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

## प्रशासन व्यवस्था विभागको

## सूचना

श्री ५ को सरकारले मिति २०२६।११।२६ को निर्णयानुसार श्री कृष्णचन्द्र कुमार राजपूतलाई हुलाक निरीक्षण ब्यूरोको मुख्य निरीक्षक पदबाट रेखदेख दौडाहको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा सरुवा गरेको छ ।

आज्ञाले–
कृष्णबहादुर देउजा
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

## प्रशासन व्यवस्था विभागको

## सूचना

श्री ५ को सरकारले मिति २०२६।१२।१७।२ को निर्णयानुसार नेपाल प्रशासन सेवाका देहायका राजपत्रांकित तृतीय श्रेणीका शाखा अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरको छ ।

| सि.नं. | नाम र थर | साविकको पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्रीमति सरोजलता गुरूवाचार्य | शाखा अधिकृत, अतिथि सत्कार विभाग | शाखा अधिकृत, गृह पञ्चायत मन्त्रालय । |
| २. | श्री भक्तोकृष्ण तमोट | शाखा अधिकृत, गृह पञ्चायत मन्त्रालय | शाखा अधिकृत, अतिथि सत्कार विभाग । |

आज्ञाले–
कृष्णबहादुर देउजा
श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८४

# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख २८ गते २०२७ साल

### सर्वोच्च अदालतको

### सूचना

रूपन्देही जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री तुंगध्वज खाण विदामा बसेको हुँदा निज विदाबाट हाजिर नभएसम्मको लागि उक्त अदालतको जिल्ला न्यायाधीश भई काम गर्न माननीय का. मु. प्रधान न्यायाधीशबाट यस अदालतका (जगेडा) जिल्ला न्यायाधीश श्री ध्रुवनाथ उपाध्यायलाई मिति २०२६।१२।२१।६ देखि खटाइएको छ ।

आज्ञाले--
सुरेन्द्रप्रसाद सिंह
रजिष्ट्रार ।

### सर्वोच्च अदालतको

### सूचना

यस अदालतका (जगेडा) अञ्चल न्यायाधीश श्री मोहनप्रसाद शर्मालाई माननीय प्रधान न्यायाधीशबाट अर्को आदेश नभएसम्म वाग्मती अञ्चल अदालतको अतिरिक्त अञ्चल न्यायाधीश भई काम गर्न मिति २०२६।१२।५।४ देखि खटाइएको छ ।

आज्ञाले--
सुरेन्द्रप्रसाद सिंह
रजिष्ट्रार ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सर्वोच्च अदालतको
## सूचना

धादिङ्ग जिल्ला अदालतको जिल्ला न्यायाधीश श्री पृथ्वीदास श्रेष्ठ बिदामा बसेको हुँदा माननीय प्रधान न्यायाधीशबाट अर्को आदेश नभएसम्म सो धादिङ्ग जिल्ला अदालतको जिल्ला न्यायाधीश भई काम गर्न ताप्लेजुङ्ग जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री रोहिणीप्रसाद मैनालीलाई मिति २०२६।१२।५।४ देखि खटाइएको छ ।

आज्ञाले–
सुरेन्द्रप्रसाद सिंह
रजिष्ट्रार ।

## सर्वोच्च अदालतको
## सूचना

यस अदालतमा दायर रहेको मुद्दा मामिलामा असमर्थ पक्षको तर्फबाट बहस गर्न देहायका व्यक्तिलाई मिति २०२६।१२।१६ देखि ३ महीनाको लागि बैतनिक वकिलमा नियुक्त गरिएको छः–

(१) अधिवक्ता श्री कृष्णकुमार वर्मा
(२) अधिवक्ता श्री सुधानाथ पन्त

आज्ञाले–
सुरेन्द्रप्रसाद सिंह
रजिष्ट्रार ।

## सर्वोच्च अदालतको
## सूचना

झापा जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री चुडामणीप्रसाद अधिकारी बिदामा बसेको हुँदा निज बिदाबाट हाजिर नभएसम्म उक्त अदालतको जिल्ला न्यायाधीश भई काम गर्न माननीय का. मु. प्रधान न्यायाधीशबाट यस अदालतका (जगेडा) जिल्ला न्यायाधीश श्री हरिजङ्ग सिजापतीलाई मिति २०२६।१२।२१।६ देखि खटाइएको छ ।

आज्ञाले–
सुरेन्द्रप्रसाद सिंह
रजिष्ट्रार ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सर्वोच्च अदालतको

### सूचना

राप्ती अञ्चल अदालतका अञ्चल न्यायाधीश श्री वृषबहादुर थापा प्राचीन स्मारक संरक्षण ऐन, २०१३ अन्तर्गतका र प्राचीन मूर्ति चोरी सम्बन्धिको सबै मुद्दाहरू हेर्न गठित विशेष अदालतको काम नसकिएसम्मलाई उक्त विशेष अदालतमा काज खटिनु भै रिक्त हुन आएको सो राप्ती अञ्चल अदालतको अञ्चल न्यायाधीश पदमा माननीय का. मु. प्रधान न्यायाधीशबाट यस अदालतका (जगेडा) अञ्चल न्यायाधीश श्री ब्रह्मदत्त तिवारीलाई मिति २०२६।१२।२१ देखि खटाइएको छ ।

आज्ञाले–
सुरेन्द्रप्रसाद सिंह
रजिष्ट्रार ।

## सर्वोच्च अदालतको

### सूचना

यस अदालतका (जगेडा) अञ्चल न्यायाधीश श्री जनार्दनलाल मल्लीकलाई माननीय का. मु. प्रधान न्यायाधीशबाट अर्को आदेश नभएसम्म नारायणी अञ्चल अदालतका अतिरिक्त अञ्चल न्यायाधीश भई काम गर्न मिति २०२६।१२।२१।६ देखि खटाइएको छ ।

आज्ञाले–
सुरेन्द्रप्रसाद सिंह
रजिष्ट्रार ।

## सर्वोच्च अदालतको

### सूचना

इलाम जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री गोविन्दप्रसाद उपाध्याय बिदा बस्नु भै रिक्त हुन आएको उक्त जिल्ला न्यायाधीश पदमा बढिमा ६ महीनाको लागि नि. से. नि. २०२१ को नियम ८. २ को खण्ड (च) ले दिएको अधिकार प्रयोग गरी माननीय प्रधान न्यायाधीशज्यूबाट सो इलाम जिल्ला अदालतको जिल्ला न्यायाधीश पदमा मेची अञ्चल अदालतका श्रे. ना. सु. श्री बद्रीनारायण प्रधानलाई मिति २०२६।१२।१८।३ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–
सुरेन्द्रप्रसाद सिंह
रजिष्ट्रार ।

---

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।